# 'बन्द सरकारी उद्योग सञ्चालनको पहल हुँदैछ'

**हिमालय टाइम्स**
काठमाडौं, ६ असार



उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदरप्रसाद भण्डारीले निरन्तररूपमा घटिरहेको बजेट सीमा र बढिरहेको मागसमेतलाई सन्तुलन कायम गर्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गरिएको बताउनुभएको छ । प्रतिनिधिसभामा विनियोजन विधेयकको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै उहाँले यस्तो बताउनुभएको हो ।

उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको विकासका लागि नीतिगत स्थायित्व तथा कार्यविधिगत सरलीकरण गरी लगानीमैत्री वातावरण निर्माण गर्ने कार्यमा मन्त्रालय निरन्तर प्रतिबद्ध रही तदनुरूप कार्य गर्दै आएको भन्दै उहाँले नेपालमा लगानी वातावरण सहज बनाउन विभिन्न आठवटा कानुन समावेश गरिएको, केही नेपाल ऐन संशोधन अध्यादेश २०८१ जारी गरी प्रतिस्थापन विधेयकसमेत संघीय संसद्मा पेश गरिसकिएको जानकारी गराउनुभयो ।

त्यस्तै, नेपाल व्यापार एकीकृत रणनीति २०८०, व्यापार लजिष्टिक नीति, २०७९ र व्यापार लजिष्टिक नीति कार्यान्वयन कार्ययोजना तथा व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमार्फत् व्यापार प्रवर्द्धनमा टेवा पुग्ने गरी कार्यक्रम कार्यान्वयन भइरहेको उहाँको भनाइ थियो ।

लामो समयदेखि रोकिएको स्टार्टअप नीति २०८० स्वीकृत भई कार्यान्वयनमा आएकाले स्टार्टअप कर्जा प्रवाह गर्न विभिन्न एक सय ८३ वटा प्रस्तावसमेत छनोट गरी काम अघि बढिसकेको, नेपाली उत्पादन र उपभोग अभिवृद्धि गर्न प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ स्वीकृत भई कार्यान्वयनका लागि प्रस्ताव आह्वान गरी प्राप्त प्रस्ताव मूल्यांकन कार्य भइरहेको, रैथाने बाली प्रवर्द्धनका लागि कागुनो, चिनो, उवा, फापर, कोदो, जौ, भटमास, मास, कालो सिमीलगायतका खाद्यान्न संरक्षण तथा सम्वर्द्धन गर्न स्थानीय तहसँग खरिद सम्झौता गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत् बिक्री हुँदै आएको पनि मन्त्री भण्डारीले बताउनुभयो ।

गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना, नेपाल ओरियण्ट म्याग्नेसाइट प्रालि, नेपाल मेटल कम्पनी, बुटवल धागो कारखाना, विराटनगर जुट मिल्स, हेटौंडा कपडासमेत सातवटा बन्द भएका सार्वजनिक संस्थान तथा हेटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगजस्ता दुई रुग्ण उद्योगसमेत गरी नौवटा सार्वजनिक संस्थानको सञ्चालनका विकल्प पहिचान गरिएको पनि उहाँले बताउनुभयो ।

औद्योगिक पूर्वाधार विकास कार्यक्रमअन्तर्गत औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा विशेष आर्थिक क्षेत्र निर्माण, विकास तथा सञ्चालन गर्ने गरी प्राथमिकतासाथ कार्य अघि बढाइएको छ । व्यापार लजिष्टिक्स पूर्वाधार रणनीतिक तथा एकीकृत विकास गर्न लजिष्टिक्स गुरूयोजना तर्जुमा गरी सोहीअनुरूप पूर्वाधार विकासको तयारी गरिएको, वाणिज्य पूर्वाधारका रूपमा रहेका एकीकृत जाँचचौकी तथा सुक्खा बन्दरगाह निर्माणलाई तीव्रता दिइएको, विराटनगर र वीरगञ्जमा एकीकृत जाँचचौकी सञ्चालनमा आएको, नेपालगञ्जको एकीकृत जाँचचौकी निर्माणको अन्तिम चरणमा रहेको, टिमुरेमा निर्माणाधीन सुक्खा बन्दरगाह निर्माण कार्य ५५ प्रतिशत सम्पन्न भइसकेको उहाँले जानकारी दिनुभयो ।

मुस्ताङको कोरलामा निर्माण हुने सुक्खा बन्दरगाहको विस्तृत परियोजना प्रतिवेदन कार्य भइरहेको छ र दोधारा-चाँदनी एकीकृत जाँचचौकी निर्माणका लागि सम्पर्क निकाय तोकी निर्माणका लागि भारतीय पक्षसँग समन्वय गरिएको, किमाथांका नाका औपचारिकरूपमा पुन: सञ्चालनमा ल्याइएको, अन्तर्राष्ट्रिय व्यापार शहरीकरणका लागि नेपालगञ्ज एकीकृत जाँचचौकी २०८१ वैशाखबाट सञ्चालनमा ल्याइएको, स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ, सीप तथा प्रविधिको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्न औद्योगिक ग्राम निर्माण र विकास गर्ने गरी कार्य अघि बढाइएको पनि उहाँले जानकारी दिनुभयो ।

हालसम्म एक सय २० औद्योगिक ग्राम घोषणा भएको, छवटा घोषणा हुने क्रममा रहेको र सम्बन्धित स्थानीय तहबाट औद्योगिक ग्राम निर्माण र विकासको कार्य भइरहेको, सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक ए विस्तारअन्तर्गतको एक सय ७८ बिगाह क्षेत्रफल र पाँचखाल विशेष आर्थिक क्षेत्रलाई सार्वजनिक-निजी-साझेदारी मोडलमा विकास तथा सञ्चालन गर्न लागिएको, दैजी औद्योगिक क्षेत्रका लागि वन क्षेत्र प्रयोगसम्बन्धी कार्यका लागि र नौबस्ता औद्योगिक क्षेत्रको निर्माण कार्यका लागि निकायगत समन्वय भएको, लामो समयदेखि सञ्चालनमा आउन नसकेको बुटवल औद्योगिक क्षेत्रस्थित पशु वधशाला सञ्चालनमा आएको उहाँले बताउनुभयो ।

त्यस्तै, औद्योगिक क्षेत्रमा आवश्यक दक्ष जनशक्ति तयार गर्ने प्रयोजनार्थ निजी क्षेत्रसमेतको सहभागितामा कार्यस्थलमा आधारित प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि आठवटा उद्योगसँग सम्झौता भई कार्यान्वयन गरिएको, खानी क्षेत्रको प्रवर्द्धन र उपयोगका लागि मन्त्रालयले प्राथमिकतासाथ कार्य अघि बढाएको, चालु आर्थिक वर्ष एक सय सात खानी अनुगमन गरी आवश्यक निर्देशन दिइएको, मुलुकमा भएका खनिज पदार्थ प्रवर्द्धन तथा उपयोग गर्ने सन्दर्भमा दैलेखमा पेट्रोलियम सम्भावित भण्डार क्षेत्रको अन्वेषणका लागि जेठ ३१ गतेसम्म दुई सय ९८ मिटर ड्रिलिङ कार्य सम्पन्न भएको र धौवादी फलाम खानीको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएको पनि उद्योगमन्त्री भण्डारीले बताउनुभयो ।

चौथो पुस्ताको औद्योगिक अवधारणाको आन्तरिकीकरणका लागि अध्ययन, अनुसन्धान तथा अभिमुखीकरण गर्न बजेट विनियोजन भएको, स्वदेशी उत्पादन निर्यातमुखी बनाउन तथा निर्यात प्रवर्द्धन गरी वैदेशिक व्यापारमा देखिएको असन्तुलन कम गर्ने अभिप्रायले निर्यातलाई प्रोत्साहन गर्न चिया, कफी, हस्तकला, सिमेन्ट, प्लाइउडलगायतका ३६ वस्तुको निर्यातमा अनुदान प्रदान गरिँदै आएको पनि उहाँले जानकारी गराउनुभयो ।

# दुबईको क्वालिटी आइसक्रिम नेपालमा

**काठमाडौं ।** एसआइआइपिएल ग्रुप नेपालले क्वालिटी आइसक्रिम भित्र्याएको छ । बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रमबीच एसआइआइपिएल अध्यक्ष सौरभ ज्योती, प्योर आइसक्रिमका भाइस प्रेसिडेन्ट मजहर अलि( सेल्स, मार्केटिङ तथा सप्लाई चेन), ज्योति ग्रुपका कर्मचारी र विभिन्न व्यवसायीको उपस्थितिमा उक्त आइसक्रिम लन्च गरिएको हो । कम्पनीका अनुसार

क्वालिटी आइसक्रिम भारतको ग्रेभिस समूहअन्तर्गत प्योर आइसक्रिमद्वारा उत्पादित एक प्रतिष्ठित ब्राण्ड हो । सन् १९७७ मा संयुक्त अरब इमिरेट्सकै पहिलो आइसक्रिम ब्राण्डका रूपमा स्थापना भएको क्वालिटी उच्च गुणस्तर र स्वादिष्ट फ्लेभर्सका कारण विश्वभरकै आइसक्रिम पारखीको रोजाइको ब्राण्ड बनेको छ ।

सो अवसरमा प्योर आइसक्रिमका सेल्स, मार्केटिङ तथा सप्लाई चेनका भाइस प्रेसिडेन्ट मजहर अलिले नेपाली उपभोक्ताको बदलिँदो




जीवनशैली, गुणस्तरीय उत्पादनको रोजाइ तथा अन्तर्राष्ट्रिय आइसक्रिम फ्लेभरको बढ्दो बजार माग सम्बोधन गर्दै विभिन्न अन्तर्राष्ट्रिय फ्लेभरका आइसक्रिमहरू भित्र्याएको बताउनुभयो । एसआइआइपिएल नेपालका अध्यक्ष सौरभ ज्योतिले नेपालमा क्वालिटी आइसक्रिमले प्राप्त गरेको स्वागत उत्साहजनक रहेको भन्दै आगामी वर्षभित्र देशव्यापीरूपमा दुई सय स्थानमा विस्तार गर्ने योजना रहेको बताउनुभयो । क्वालिटीले पिस्ता, फ्रुट सलाद, म्यांगो, मलाई पिस्ता कुल्फी र कुकिज एण्ड क्रिम जस्ता धेरै उत्कृष्ट फ्लेभरहित स्टिक, कप र टबमा अन्तर्राष्ट्रिय स्वाद बिक्री गर्दै आएको छ ।



## टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं ।

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८१/०३/०७

यस कार्यालयबाट उल्लेखित परामर्श सेवाको लागि निम्न प्रस्तावदाताले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८(२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| RFP No.: | खरिद कार्यको बिवरण | प्रस्तावदाताको नाम | कबोल गरेको रकम (मू.अ.कर बाहेक) | कूल अंक |
|---|---|---|---|---|
| 01/NCB/TM/C/2080-81 | Integrated Metric Addressing System and Mobile App for Public Support in Tokha Municipality | NAXA JV Connect Us JV Digi Nirman | १,२१,५०,६००/- | ८३.८९ (१००अंकमा) |



## 'सिद्धार्थ रिवार्ड्स' योजना

**काठमाडौं ।** सिद्धार्थ बैंकले नेपालको बैंकिङ क्षेत्रमै पहिलोपटक डिजिटल भुक्तानी प्रवर्द्धन गर्ने उद्देश्यका साथ 'सिद्धार्थ रिवार्ड्स' योजना ल्याएको छ । बैंकले नक्सालस्थित प्रधान कार्यालय भवनमा बैंकका प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूह, सञ्चारकर्मीका साथै बैंकमा कार्यरत कर्मचारीको उपस्थितिमा एक कार्यक्रम आयोजना गरी योजना सार्वजनिक गरेको हो ।

सिद्धार्थ रिवार्ड्स कार्यक्रमअन्तर्गत ग्राहकले सिद्धार्थ बैंकको कार्ड प्रयोग गरी गरेको खरिद र मोबाइल बैंकिङबाट गरेको टपअपका आधारमा रिवार्ड्स पोइन्ट्स प्राप्त गर्न सक्नेछन् । यसरी आर्जन गरेको पोइन्ट्सलाई हवाई टिकट, होटल, पसल, उपहार कार्ड, बिमा तथा इन्टरनेट बिल पेमेन्टलगायत विभिन्न सेवा लिन भुक्तानीका लागि नगद सट्टा प्रयोग गर्न सकिने बैंकले जनाएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेलले बैंकको यस सुरुवातले डिजिटल भुक्तानीमा एक रोमाञ्चक र नयाँ अध्याय सुरुवात भई ग्राहकको बैंकिङ अनुभव अझ गुणस्तरीय बनाउन मद्दत पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । साथै बैंकका नायब प्रमुख कार्यकारी अधिकृत रामेश्वरप्रसाद बस्यालले ग्राहकको सन्तुष्टिलाई उच्च प्राथमिकतामा राखी कसरी पृथक् एवं नवीनतम् सेवा प्रदान गर्न सकिन्छ भन्नेमा बैंक सदैव केन्द्रित रहेको बताउनुभयो ।

## डब्लुएफओको सञ्चालकमा पाठक

**काठमाडौं ।** इटालीको रोममा भएको विश्वभरका किसानको छाता संगठन विश्व किसान संगठन( डब्लुएफओ) को सञ्चालकमा नेपालका खेमबहादुर पाठक निर्वाचित हुनुभएको छ । नेपाल कृषि सहकारी केन्द्रीय संघ, साना किसान विकास लघुवित्त वित्तीय संस्थाका अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका उपाध्यक्षसमेत रहनुभएका पाठक एसिया प्रशान्तबाट निर्विरोध निर्वाचित हुनुभएको हो । पाठकसहित डब्लुएफओको सञ्चालकमा विश्वभरबाट छजना निर्वाचित भएका छन् । विश्वभरका सक्रिय किसान संघ संगठनको छाता संगठनका रूपमा रहेको डब्लुएफओमा नेपालतर्फबाट सञ्चालक समितिमा निर्वाचित हुने पाठक पहिलो व्यक्ति हुनुहुन्छ । किसान र कृषि क्षेत्रको रूपान्तणका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको विश्व किसान संगठनको उच्च तह सञ्चालकमा नेपालतर्फबाट प्रतिनिधित्व हुनु आफैंमा खुसी र गौरवको कुरा भएको नेपाल कृषि सहकारी केन्द्रीय संघले जनाएको छ ।



**Provincial Government**
**Ministry of Water Supply, Irrigation and Energy**
**Koshi Province**
**Water Resources and Irrigation Development Division**
**Tehrathum**

**Invitation for E- Bids**

**Date of Publication: 2081/03/07 (21/06/2024)**

1. Water Resources and Irrigation Development Division, Tehrathum invites electronic bid from eligible bidders for the following contract works under National Competitive Bidding Procedures.

| S. N. | Contract No. | Description of works | Location | Estimated Amount with VAT | Bid Security Amount (NRs.) | Bid validity period | Fee for bid document (NRs.) | Average Annual Construction Turnover | Work Experience of Similar size and nature | Last date of bid Submission | Bid Opening date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WRIDD-TRT/2080-81/NCB-01 | Construction of Canal and associated structures of Sisuwa tatha Satisale ISP | Myanglung Municipalit-4, Tehrathum | - | 5,32,000.0 | 90 days | 5,000.0 | 1,88,24,000.0 | 75,30,000.0 | 2081/04/06, 12:00 hrs | 2081/04/06, 13:00 hrs | Single Stage Double envelop |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at www.bolpatra.gov.np/egp PPMO's portals specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number 27002000001001000001, Rajashwa Heading No- 14229, Office Code No. 3130205011 (of WRIDD, Tehrathum) in Nepal Bank Limited, Tehrathum or Bank Guarantee issued by a Commercial Bank in Nepal drawn in favor of the WRIDD, Tehrathum, in the format supplied in the bid document or the form acceptable to the WRIDD, Tehrathum. Bids shall be valid for as mention above from the last date of submission of bids. Bid Security shall have 30 days beyond the validity period of the bid. A Pre-bid Meeting shall be held at WRIDD, Terhathum on **26th Asar 2081 at 1:30 hrs.** as above within the date and time Specified.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp (on or before 12:00) on **2081/04/06**, Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at mention above date at the office of **Water Resources and Irrigation Development Division, Tehrathum**
5. Other things not included in bidding documents will be as per PPA 2063 and PPR 2064.
6. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.
7. Note: Further detail regarding the notice of Invitation for Bids, interested bidders are requested to Water Resources and Irrigation Development Division Tehrathum or the e-gp portal www.bolpatra.gov.np/egp.

**Division Chief**








इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल